नेपाल सरकार
स्थानिय विकास मन्त्रलाय
स्थानिय पूर्वाधार तथा कृषि सडक विकास विभाग
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP)
आयोजना समन्वय इकाई (PCU/CISC)

# गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति
# Village Infrastructure Construction Coordination Committee (VICCC)
# को गठन एवं जिम्मेवारी सम्बन्धमा जारी भएको मार्गदर्शन-२०६५

## १. पृष्ठभूमि :

ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (Rural Reconstruction and Rehabilitation Sector Development Program) लाई ब्यवस्थित रुपमा कार्यान्वयनको लागि निम्न बमोजिम समन्वय समितिहरु गठन हुनेछ ।

१. गाउँस्तरीय पूर्वाधार निर्माण समन्वय समितिहरु (Village Infrastructure Construction Coordination Committees)
२. गाउँस्तरीय पूर्वाधार उपभोक्ता समूहहरु (Village Infrastructure Users Groups)
३. सडक निर्माण कार्यान्वयन समितिहरु (Road Building Implementation Committees)
४. सडक निर्माण समूहहरु (Road Building Groups)

## २. गठन बिधि :

आयोजना कार्यान्वयन हुने हरेक गा.वि.स.मा गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति को गठन हुनेछ । सो को गठन आयोजनाको कार्यक्रमहरु कार्यान्वयन हुनु अगावै गठन गरिएको हुनुपर्नेछ । यसको अभिलेख जिल्ला आयोजना कार्यालयमा (DPO) राखिनेछ । समिति गठन गर्दा राजनैतिक दलका प्रतिनिधिहरु, सम्बन्धित क्षेत्रमा सक्रिय गै.स.स., महिला, दलित र अन्य सेवा सुविधाका पहूँचबाट विमुख समूहहरु (Disadvantaged Groups) को प्रतिनिधित्व गराइनेछ । महिला सहभागिता कम्तीमा ३३ प्रतिशत सुनिश्चित गर्न तथा विभिन्न जातजातीको प्रतिनिधित्वको लागि यथेष्ठ प्रयास हुनेछ ।

**गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति मा निम्न लिखित सदस्यहरु रहनेछन् :**

(१) गा.वि.स. अध्यक्ष - अध्यक्ष
(२) गा.वि.स. उपाध्यक्ष - उपाध्यक्ष
(३) सडक क्षेत्र (Road Corridor) भित्र पर्ने गा.वि.स. सचिव - सदस्य सचिव
(५) उक्त गा.वि.स.मा राजनैतिक दलका प्रतिनिधिहरुमध्ये एउटा राजनैतिक दलबाट जम्मा १ जनाका दरले प्रतिनिधित्व हुने गरि प्रतिनिधि - आमन्त्रित सदस्य
(६) उक्त गा.वि.स.मा कार्यरत गै.स.स.का प्रतिनिधि (१ जना) - सदस्य
(७) प्रत्येक सडक निर्माण समूहहरु (RBGs) का प्रतिनिधि (१ जना का दरले प्रत्येक RBG बाट) - सदस्य
(८) महिला, दलित, सिमान्तकृत समूह, जनजाति समूदायका प्रतिनिधिहरु (बढिमा ३ जना)- सदस्य
(९) सामाजिक कार्यकर्ताहरु वा नागरिक समाजका प्रतिनिधिहरु(बढिमा २ जना) - आमन्त्रित सदस्य

उपरोक्त ७, ८, ९ नं. बमोजिमका सदस्यहरु गा.वि.स.को सिफारिसमा जिल्ला कार्यक्रम समन्वय समिति (DPCC) बाट मनोनित हुनुपर्ने छ ।

## ३. गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति को भूमिका एवम् जिम्मेवारी :

३.१ जिल्ला आयोजना कार्यालय (DPO) ले ग्रामीण सडक रेखांकन गर्दा गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति ले सिफारिस गरेका पूरक पूर्वाधारका कार्यक्रमहरु (Supplementary Infrastructure Programs) सामाजिक, प्राविधिक, आर्थिक, वातावरणीय र पुनर्वास सम्बन्धि पक्षहरुको परीक्षण (Assessment) तथा मूल्यांकन (Scoring) गर्नमा गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समितिले सहजीकरण गर्ने ।

३.२ ग्रामीण सडकको लागि सडक निर्माण समूहहरु (RBGs) र पूरक पूर्वाधारका कार्यक्रमहरुको लागि गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह र सडक निर्माण कार्यान्वयन समूह (VIUG/RBICs) गठन गर्दा सहज बातावरण सिर्जना गर्न सहयोग गर्ने ।

३.३ कुनै गाउँ वा समुदायमा पूरक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्नु अघि जि.वि.स., सम्बन्धित गा.वि.स., सडक निर्माण कार्यान्वयन समिति (RBIC) र गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) लाई सम्झौता गर्न सहजीकरण गर्ने ।

३.४ जिल्ला कार्यान्वयन सहयोग टोली (DIST) को सिफारिशमा हरेक सडक निर्माण समूहहरु (RBGs) लाई कार्य छुट्ट्याउन/वितरण गर्न (Allocation /Distribution) सहजीकरण गर्ने ।

३.५ आयोजना सम्बन्धि कार्यहरुको ब्यवस्थापन, कार्यान्वयन तथा स्थानीय स्तरमा विवाद समाधान गर्ने काममा जिल्ला आयोजना कार्यालयलाई सहयोग गर्ने ।

३.६ जिल्ला आयोजना कार्यालय तथा जिल्ला कार्यान्वयन परामर्श टोलीको स्विकृतीमा निर्माण समूहका सबै सदस्यहरुलाई भुक्तानी गर्दा सहयोग गर्ने ।

३.७ पूरक आयोजना छनौट गर्दा लाभान्वित समूह को सहभागितामा मात्र गर्ने, आयोजनाको तर्जुमा, कार्यान्वयन तथा ब्यवस्थापन मा सो समूह संग समन्वय गर्ने ।

३.८ आयोजना संग सम्बन्धित कार्यको सार्वजनिक लेखापरीक्षण (Public Audit) गर्ने कार्यको व्यवस्थापन गर्ने/गराउने ।

३.९ आयोजनासंग सम्बन्धित सार्वजनिक सुनुवाई (Public Hearing) को लागि सक्रिय सहभागिता जनाउने ।

३.१० निर्माण व्यवसायीहरुले स्थानीय स्तरमा काम गर्दा कुनै समस्या परेको खण्डमा समाधान गर्न जिल्ला आयोजना कार्यालय तथा जिल्ला कार्यान्वयन परामर्श टोलीलाई सहयोग गर्ने ।

३.११ कामदारहरु/श्रमीकहरु (Workers/Labourers)बीच सहज काम गर्ने वातावरण सुनिश्चित गर्ने ।

३.१२ सडक निर्माण समूहहरु (RBGs) लाई वचत समूह (Saving Group) मा रुपान्तरण गर्न जिल्ला आयोजना कार्यालय तथा जिल्ला कार्यान्वयन परामर्श टोलीलाई सहयोग गर्ने ।

३.१३ आयोजना सम्बन्धी तालिम तथा अन्य कार्यक्रमहरुमा भाग लिने ।

३.१४ जिल्ला तथा आयोजना स्थलमा अध्ययन, अनुगमन, मूल्यांकन आदि उद्देश्य लिएर भ्रमणमा आउने आयोजना सम्बन्धी टोलीहरुलाई सहयोग गर्ने ।

३.१५ जग्गा प्राप्ती गर्ने सम्बन्धी कुरामा सक्रिय भूमिका निर्वाह गर्ने ।